## गोलबजार नगरपालिका, सिरहा
## आ.व.२०७९/०८० का प्रमुख उपलब्धिहरु

१. कृषि क्षेत्रतर्फ नगरपालिकाको आन्तरिक स्रोत समेत परिचालन गरी नगरपालिकाका १३ वडामा किसान सूचीकरण कार्यक्रम सञ्चालन गरिएको छ। ६ हजार ९ सय ५६ कृषक परिवार किसान सूचीकरणमा दर्ता भइसकेका छन्। किसानलाई च्याउ र उन्नत जातका धानको बीऊ वितरण गरिएको छ। उखु पकेट क्षेत्रमा ३ वटा स्यालो ट्यूबवेल जडान भएका छन्।

२. पशुपन्छी क्षेत्रतर्फ करिब ५ सय पशुमा निःशुल्क एफ.एम.डी. खोप लगाइएकोछ। पशुपालक कृषक तथा पशुपालन फर्ममा नि:शुल्क टियोसेन्टी घाँसको विउ वितरण गरिएको छ। ५ हजार ४ सय १२ पशुलाई विभिन्न रोगको उपचार गरिएको छ। गोबर तथा पिसाब परिक्षण गरी उपचार गरिएको छ। ३ हजार २ सय ६५ गाई/भैँसी/बाख्रामा कृत्रिम गर्भधान गरी नश्ल सुधार गरिएको छ। ५ हजार १ सय ५४ घरपालुवा तथा छाडा कुकुरलाई रेविज रोग विरुद्वको निःशुल्क खोप लगाइएको छ। ५ हजार बाख्रा र २ हजार ठुलो पशुमा विभिन्न किसिमका सरुवा रोग विरुद्धको खोप लगाइएको छ।

३. भूमि व्यवस्थातर्फ भू-उपयोग ऐन तथा नियमावली अनुसार नगरपालिका क्षेत्रको जमिनलाई १० भागमा वर्गीकरण गर्ने कार्य सम्पन्न भएको छ। भू-उपयोग मापदण्ड पारित गरिएको छ। २ हजार ७ सय ९ भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासी परिवारको लगत संकलन गरिएको छ। २ हजार ५ सय २७ जनाको लगत प्रविष्टि गरिएको छ। सम्पूर्ण वडामा वडा स्तरीय सहजीकरण समिति गठन भएको छ। वडा नं. ३ मा ४ सय ८६ जनालाई निस्सा वितरण गरिएको छ। वडा नं. ३ मा वडा सेवा केन्द्र स्थापना गरिएको छ। बाँकी वडामा सेवा केन्द्र स्थापना गर्ने कार्य भइरहेको छ।

४. गरिबी निवारणतर्फ ब्युटिसियन, क्रिस्टल निर्माण गर्ने, लहठी चुरा बनाउने, अगरबत्ती बनाउने, डल कुसन बनाउने, ब्राइडल मेकअप आदि तालिम प्रदान गरिएको छ। सिलाइ कटाइ तालिम लिएका उद्यमी महिलालाई सिलाइ मेसिन वितरण गरिएको छ। तरकारी खेती गर्ने उद्यमीलाई स्प्रेयर मेसिन वितरण गरिएको छ।

५. स्वास्थ्यतर्फ प्रदेश सरकारको सहयोगमा ल्याब स्थापना भएको छ। यसबाट सुलभ शुल्कमा हेमाटोलोजी, बायो केमेस्ट्री, एरासिटोलोजी र इम्युनोलोजी अन्तरगत ५६ प्रकारका परीक्षणको सेवा उपलब्ध भएको छ। आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि स्वास्थ्य संस्थाबाट ४० प्रकारका औषधी निःशुल्क उपलब्ध गराइएको छ। १ सय ५२ जनालाई प्रसुती सेवा प्रदान गरिएको छ। आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी स्क्रिनिङ कार्यक्रम सञ्चालन गरिएको छ। औलो तथा कालाजार महामारी हुने क्षेत्रको छनोट गरी बिषादि छर्किने कार्य गरिएको छ। कोभिड-१९ भ्याक्सिनको डिजिटाइजेशन तथा क्यू आर कोड प्रमाणीकरण गरिएको छ। डेंगु लगायतका किटजन्य रोगको नियन्त्रणका लागि लार्भा नष्ट गर्ने अभियान सञ्चालन गरिएको छ। किटजन्य रोग नियन्त्रण कार्यक्रमको डाटा भेरिफिकेशन गरिएको छ। मातृ तथा नवशिशु कार्यक्रमबाट आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला वितरण र निःशुल्क गर्भपतन कार्यक्रम सञ्चालन गरिएको छ। आयुर्वेद औषधालयबाट २५ प्रकारको नि:शुल्क औषधी वितरण गरिएको छ। १ हजार ६ सय ५६ जना सेवाग्राहीलाई नि:शुल्क आयुर्वेद उपचार सेवा प्रदान गरिएको छ।

६. पोषण तथा खाद्य सुरक्षातर्फ १३ वटै वडामा वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको पुनर्गठन भएको छ। सुनौलो हजार दिनका घरपरिवारलाई उन्नत जातका तरकारीको बिउबिजन वितरण गरिएको छ। **"पोषणमैत्री स्थानीय तह"** घोषणा गर्ने तयारी भइरहेको छ। विपन्न समुदायका सहकारी वा समुहका सदस्यको आय आर्जनमा सुधार गर्न ६ लाख २५ हजार रुपैयाँ अनुदान उपलब्ध गराइएको छ।

७. शिक्षातर्फ साविकको स्रोतकेन्द्र भवनलाई शिक्षक सिकाइ केन्द्रका रुपमा सञ्चालन गरिएको छ। १७ वटा सामुदायिक विद्यालयमा व्यवस्थापन समिति गठन भएको छ। ६ वटा सामुदायिक विद्यालय र १० वटा संस्थागत विद्यालयमा कक्षा थप अनुमति प्रदान गरिएको छ। भौतिक निर्माण तर्फ ३ वटा विद्यालयमा २ कोठे भवन र एउटा विद्यालयमा ४ कोठे भवन निर्माण कार्य योजना प्राप्त

भएको छ। ३ वटा विद्यालयमा आई.सी.टी. योजना प्राप्त भएको छ। ४ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालित छन्। आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम निर्माण भएको छ।

८. खेलकूदतर्फ राष्ट्रपति कप खेलकुद छनौट प्रतियोगिता सम्पन्न भएको छ। छैठौँ गोलबजार मेयर कप फूटबल प्रतियोगिता सम्पन्न भएको छ।

९. पञ्जीकरण तथा सामाजिक सुरक्षा कार्यक्रमतर्फ ९ हजार ७ सय ७७ जनालाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको छ। २ हजार ७९ जनाको व्यक्तिगत घटना दर्ता भएको छ। १०५ जनालाई अपाङ्गता परिचयपत्र र २२ जनालाई ज्येष्ठ नागरिक परिचयपत्र प्रदान गरिएको छ।

१०. पूर्वाधार विकासतर्फ कुल १४ किलोमिटर सडक ग्राभेल भएको छ। ४ किलोमिटर सडकमा आर.सी.सी. ढलान भएको छ। ५ किलोमिटर कृषि सडक स्तरोन्नति भएको छ। ४ वटा कल्भर्ट, ६३ वटा हातेकल, १६ थान ३ ईन्चको बोरिङ, ३०४ वटा ४ ईन्चको बोरिङ, ३१ वटा ६ ईन्चको बोरिङ निर्माण भएको छ। २ हजार ७ सय मिटर नाला निर्माण, ८ वटा खानेपानी ईनार, ७ वटा अधुरो सामूदायिक भवन निर्माण सम्पन्न भएको छ। ८ वटा मठमन्दिर, २ वटा धर्मशाला, ३ वटा खानेपानी ट्याङ्की, ४५९ घरमा खानेपानी धारा जडान भएको छ। २ वटा पार्क निर्माण, ४७ थान विद्युतिय पोलतार जडान र ४ सय ९४ मिटर कम्पाउण्ड वाल निर्माणको कार्य सम्पन्न भएको छ। २ किलोमिटर असफाल्ट प्रविधिको कालोपत्रे सडक निर्माण हुने क्रममा रहेको छ । सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत जम्मा ४ सय २२ घरधुरी मध्ये पहिलो किस्तामा ३ सय घरधुरीलाई र दोस्रो किस्तामा ३०६ घरधुरीलाई जस्तापाताको छाना छाएवापतको रकम उपलब्ध गराइएको छ। नगरपालिकाको वेब साइटलाई सूचनामूलक बनाइएको छ। नगरपालिकाको पञ्च वर्षीय विकासको **"आवधिक योजना"** तयार भएको छ। **"राजस्व सुधार योजना"** निर्माण भएको छ। जग्गा वर्गीकरणको **"भू-उपयोग क्षेत्रको मापदण्ड र आधार"** तयार भएको छ। गोलबजार नगरपालिकाका तीन वटा खोलाको प्रारम्भिक वातावरणीय परिक्षण (आई.ई.ई.) प्रतिवेदन तयार भएको छ। गागन खोलामा सव दाह गृह निर्माणको निम्ति विस्तृत अध्ययन प्रतिवेदन तयार भएको छ। तेतरिया-कदिमाटोल सडक खण्ड अन्तर्गत पर्ने मैनावती नदीमा पुल निर्माणको लागि वातावरणीय अध्ययन तथा विस्तृत अध्ययन प्रतिवेदन तयार भएको छ। गोलबजार नगरपालिकाको "**नगर यातायात गुरुयोजना निर्माणाधीन**" अवस्थामा छ।

११. सुशासनतर्फ वार्षिक नीति तथा कार्यक्रम, आर्थिक ऐन, जनप्रतिनिधि पदाधिकारी, कर्मचारीको विवरण लगायतका नगरपालिकाको परिचयात्मक जानकारी पहिलो पटक **"वार्षिक पुस्तक"** प्रकाशन भएको छ। **"जनप्रतिनिधिको काम, कर्तव्य र अधिकारको परिचयात्मक गोजी पुस्तिका"** छपाइ गरिएको छ।

१२. न्यायिक समितितर्फ नगरपालिकामा उप-प्रमुखको संयोजकत्वमा न्यायिक समिति क्रियाशील रहेको छ। **"न्यायिक समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकारहरूको परिचयात्मक पुस्तिका"** प्रकाशन गरिएको छ। सबै १३ वडाका ३० जना बढी सहभागीलाई ८ दिन मेलमिलापकर्ता तालिम दिइएको छ। नगरपालिका र वडामा मेलमिलाप केन्द्र स्थापना भएको छ।

१३. जनशक्ति व्यवस्थापन तथा क्षमता विकासतर्फ नवनिर्वाचित जनप्रतिनिधि र शाखा प्रमुख कर्मचारी वडा सचिवलाई स्थानीय सरकार सञ्चालन, कानून, लेखा तथा राजस्व विषयमा तालिम प्रदान गरिएको छ। नगरपालिकाको **"कर्मचारी सङ्गठन तथा व्यवस्थापन (ओ एन्ड एम) सर्वेक्षण"** कार्य सम्पन्न भएको छ। सरकारी तथा गैर सरकारी निकायसँग सहकार्य गरी जनप्रतिनिधि र कर्मचारीलाई तालिम प्रदान गरिएको छ। वडा सचिव तथा सहायक कर्मचारीलाई सूचना प्रविधि तालिम प्रदान गरिएको छ।

१४. राष्ट्रिय परिचय पत्रतर्फ २ हजार ९ सय ५६ जनाको फर्म दर्ता गरी निस्सा प्रदान गरिएको छ। २ हजार जनाले राष्ट्रिय परिचय पत्र प्राप्त गरेका छन्।

१५. **प्रस्तावित आय:** ९९ करोड ८२ लाख ३५ हजार २८१। **वास्तविक आय:** ५४ करोड २३ लाख ६३३। ५४%। **आन्तरिक राजस्व आय:** ४ करोड १० लाख १३ हजार २१४। **अनुमानित व्यय** : ५४ करोड १९ लाख १९ हजार। ५४.२८%। **कुल प्रगति**: पूँजीगत वित्तीय ३८% र चालु ६५%।